# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८] काठमाडौं माघ २० गते २०१५ साल [संख्या ४०

श्री ५ को सरकार

## शिक्षा, स्वास्थ्य, स्थानीय स्वायत्त शासन मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको गाउँ पञ्चायत [संशोधन] नियम २०१५ सब साधारणको जानकारीका लागि, प्रकाशित गरिएको छ।

गाउँ पञ्चायत [संशोधन] नियम २०१५ (यसपछि मूल नियम भनिएको) मा संशोधन गर्न आवश्यक देखिएकोले श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ:—

१. संक्षिप्त नाम र प्रारम्भ:-[१] यी नियमहरूको नाम गाउँ पञ्चायत (संशोधन) नियम २०१५ रहेको छ।

[२] यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. मूल नियममा संशोधन:— मूल नियममा देहाय बमोजिम संशोधन गरिएको छ:—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. मूल नियमको परिच्छेद १ मा देहाय बमोजिम संशोधन गरिएकोछ।
मूल नियम ३ को उपनियम [१] को सट्टा देहायको उप नियम [१] राखिएको छ।

३. गाउँसभाको स्थापनाः—(१) कुनै इलाकालाई गाउ घोषित गनु परेमा स्थानीय हाकिमले त्यस इलाकाको ४ किल्ला र जनसंख्या तोक्न र त्यस इलामा कति क्षेत्रहरू रहने हुन सो कुराको निश्चय गर्न आवश्यक जाँचबुझ गर्नेछन् र अनुसूचिमा दिइएको फाराम नं (क) र फाराम नं. (ख) भरी त्यस इलाकालाई गाउँ घोषित गर्ने आदेश जारी गर्नेछन्।

२. मूल नियमको परिच्छेद २ मा देहाय बमोजिम संशोधन गरिएको छ।

(क) नियम ५ को उपनियम (३) को सट्टा देहायको उप नियम (३) राखिकोछः-

(३) उप नियम (२) बमोजिम सूचना गरिएपछि गाउँ पञ्चायतको सदस्य हुन चाहनेले रू. एकको टिकट टाँसी वा टिकट दस्तुरको रू. एक सहित अनुसूचिमा दिएको फाराम नं (ग) भरी आफैले वा आफ्नो वारेसद्वारा स्थानीय हाकिम वा निजले तोकेको व्यक्ति छेउ दरखास्त दिनुपर्छ. र कुनै व्यक्तिले एकभन्दा बढि वार्डबाट खडा हुन पाइनेछैन।

(ख) मूल नियम ५ को उप नियम ४) को सट्टा देहायको उपनियम (४) राखिएको छ।

(४) उपनियम (३) बमोजिम दाखिल भएका दरखास्तहरू स्थानीय हाकिम वा निजले तोकेको व्यक्तिले छानबीन गर्दा दरखास्तवालाले चाहेमा आफू र आफ्नो मानिस एकजनासम्म बस्न पाउन सक्नेछ। दरखास्त छानवीन गरेपछि उम्मेदवार र ऐन बमोजिम गाउँ सभाको सदस्य भई निजको नाम मतदाता सूचिमा दर्ता भएको भए र दरखास्त म्यादभित्र दाखिल भएको समेत भए सदर गरी र सोबमोजिम नभए दरखास्तकै पीठमा बदर हुनाको कारण समेत खोलि बदर भन्ने जनाई उम्मेदवार वा निजको वारेसलाई उक्त कुराको सूचना समेत दिनु पर्नेछ।

(ग) मूल नियम ५ को उप नियम (५) को सट्टा देहायको उपनियम (५) राखिएकोछः—

१०६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) कुनै उम्मेदवारले निजको दरखास्त छानबीन नहुँदै वा छानबीन भएका भोलिपल्ट अड्डा बस्ने समयसम्ममा उम्मेदवारको सूचिबाट आफ्नो नाम वापस लिन चाहेमा सो व्यहोराको सूचना स्थानीय हाकिम वा निजले तोकेको व्यक्तिलाई दिई नाम वापस लिन पाउँछ।

(घ) मूल नियम ५ को उप नियम [६] को सट्टा देहायको उपनियम (६) राखिएकोछ र उपनियम (७) र (८) थपिएकोछ।

(६) उप नियम (३) बमोजिम दरखास्त दिने उम्मेदवारले सो दरखास्त साथ रू दुइ जमानत समेत राख्नु पर्नेछ र सो जमानत राखिएको रकम देहायको अवस्थामा उम्मेदवार वा निजको रित पूर्वकको प्रतिनिधि वा वारिसले निर्वाचनको नतिजा प्रकाशित भएको चौबिस घण्टाभित्र फिर्ता पाउन सक्नेछन्।

(क) उम्मेदवार निर्वाचित भएमा वा।

(ख) मतदानको नतिजा निस्कनु अगावै उम्मेदवार परलोक भएमा वा।

[ग] उम्मेदवारको सूचिबाट आफ्नो नाम उपनियम [५] बमोजिम वापस लिएमा।

[घ] आफु खडा भएको वार्डमा खसालिएको जम्मा मतदानको आठ खण्डको कमसेकम एक खण्ड मत प्राप्त गरेमा।

[७] कुनै उम्मेदवारले आफु खडा भएको वार्डमा खसालिएको जम्मा मतदानको आठ खण्डको एक खण्ड मत प्राप्त गर्नसकेमा निजले उपनियम [६] बमोजिम राखेको जमानत जफत हुनेछ र यसरी जफत गरिएको जमानत रकम सम्वन्धित गाउँ पञ्चायतको श्रेस्तामा आमदानी बाँधिनेछ।

[८] चुनावमा खडा हुने उम्मेदवारको सूचि तयार भएपछि स्थानीय हाकिम वा निजले तोकेको व्यक्तिले सो सूचि प्रकाश गरी मतदान गर्ने दिन र समय समेत तोक्ने छन् तर मतदान गर्ने दिन तोक्दा उम्मेदवारले दरखास्त दिने म्याद भुक्तान भएको मितिले १५ दिन भित्रको दिन तोक्नुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियम ६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिछ।

(१) नियम ५ बमोजिम उम्मेदवारको सूचि तयार भएपछि निर्वाचन अफिसरले प्रत्येक उम्मेदवारको बाकस वा पात्रको चिन्हको ठहर गरी सो ठहरको सूचना सम्बन्धित वार्डमा ठाउँ ठाउँमा टाँसी लगाउने छन्।

४. मूल नियम ८ को खण्ड [ङ] को सट्टा देहायको खण्ड [ङ] र खिएको छः-

[ङ] तोकिएको समय खतम भएपछि मतदानपत्र खसाल्ने काम बन्द गरी उम्मेदवार वा निजको रीतपूर्वकको प्रतिनिधिको सामुन्ने मतदाताको सूचि र मतदानपत्र र मत खसाल्ने बाकस समेत सबै बन्द गरी आफ्नो र उम्मेदवार वा निजको प्रतिनिधिको छाप समेतको लाहाछाप लगाई मतदानपत्र खसाल्ने बाकस समेत निर्वाचन अफिसर वा निजले खटाएको व्यक्तिलाई बुझाइ भरपाई लिने।

५. मूल नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

(९) निर्वाचन अफिसरः- (१) स्थानीय हाकिमले तोकेको कुनै व्यक्तिले निर्वाचन अफिसरको काम गर्ने छन्।

(२) देहायका बिषयहरूमा रेखदेख, नियन्त्रण र काम कारवाई गर्नु निर्वाचन अफिसरको कर्तव्य हुनेछः-

[क] पोलिङ्ग अफिसरले नियम [ङ] बमोजिम बुझाएको बाकस र अरू कागजात जिम्मा लिई ती बाकस वा पात्रहरू उम्मेदवार वा निजको रीतपूर्वकको प्रतिनिधिको रोहबरमा खोली मतदान पत्र गनी त्यसको श्रेस्ता खडा गरी उम्मेदवारले पाएको मत अनुसार क्रम सूचि तयार गरी स्थानीय हाकिममा पेश गर्ने।

[ख] निर्वाचन सम्बन्धी काममा पोलिङ्ग अफिसरहरू उपर रेखदेख र नियन्त्रण राख्ने।

[ग] विभिन्न वार्डबाट निर्वाचित सदस्यहरूको सूचि तयार गर्ने।

[घ] मतदानपत्र गनि सकेपछि खसालिएका मतदानपत्र उम्मेदवार वा निजको रीतपूर्वकको प्रतिनिधिको रोहबरमा जलाउने।

६. मूल नियमको अनुसूचिमा देहायबमोजिम संशोधन गरिएकोछः—

[क] गाउँ पञ्चायत [क] फार्मको सट्टा देहायको [क] फार्म राखिएकोछः—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल स्थानीय स्वायत्त शासन
गाउँ पञ्चायत [क] फार्म

जिल्ला———थुम दरा गर्खा———को नाम
तप्पा प्रगन्ना

| गाउ को नाम [घोषित] | हद सिमाना | सो सिमाना भित्र पर्ने गाउँ | जनसंख्या |
|---|---|---|---|
| | | | |

[ख] गाउं पञ्चायत [ख] फार्मको सट्टा देहाएको [ख] फार्म राखिएकोछः–

नेपाल स्थानीय स्वायत्त शासन
गाउं पञ्चायत [ख] फार्म
मतदाताको नामाबली

जिल्ला————थुम दरा गर्खा
तप्पा प्रगन्नाको नामः—

| नं. | घर नं | मतदाताको नाम | बाबु या पतिको नाम | जनाना या मर्दाना | उमेर |
|---|---|---|---|---|---|
| | | | | | |

[ग] गाउं पञ्चायत [घ] फार्मको सट्टा देहायको [घ] फार्म राखिएकोछः-

नेपाल स्थानीय स्वायत्त शासन
गाउं पञ्चायत [घ] फार्म नम्बर
गाउं पञ्चायत निर्वाचन
निर्वाचन अफिसर

आज्ञाले—
(केशरबहादुर के. सी.)
श्री ५ को सरकारका सचिव

आधिकारिक मुद्रण विभाग, स्थानीय स्वायत्त शासन मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।